# वातावरणीय व्यवस्थापन विशेष कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका–२०६५

**प्रस्तावना :–**

स्वच्छ, स्वस्थ्य मानवका लागि सफा वातावरणको आवश्यकता पर्दछ । मुलुकको दिगो विकासका लागि प्रदूषणमुक्त वातावरण आवश्यक छ । वातावरण प्रदूषित हुनु प्राकृतिक स्रोतहरुको दिगो र प्रभावकारी संरक्षण नगरी विनाशतर्फ लाग्नु हो । हाम्रो जस्तो गरीब मुलुकमा बसोबास गर्ने मानिसहरूको प्राकृतिक स्रोत-साधन माथिको निर्भरता ज्यादै रहेको छ । यसबाट एकातर्फ वातावरणीय क्षति त हुन्छ नै अर्कातर्फ विभिन्न प्रकारका प्रकोपहरूवाट पीडित बन्नु परिरहेको छ । हाम्रो जस्तो देशमा सञ्चालन हुने विकासका आयोजना, कार्यक्रमहरूवाट वातावरणीय विनाश हुन गई विभिन्न विपत्तिहरु दिन-प्रतिदिन बढ्दै गइरहेका छन् । यसकारण वातावरण संरक्षण सम्बर्द्धनलाई योजना तर्जुमा चरणदेखि नै समावेश गरी कार्यान्वयनमा पनि सँगसँगै नलगिएमा केही वर्षपछि भयावह परिणाम आउन सक्ने अवस्थालाई मध्य-नजर गरी स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७६ ले दिएको अधिकारलाई प्रयोग गरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५४ (१) को (ङ) बमोजिम वातावरणीय व्यवस्थापन विशेष कोष स्थापना गरी सञ्चालनका लागि यो निर्देशिका तयार गरी जिल्ला विकास समितिले लागू गरेको छ ।

## परिच्छेद–१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :–**

१.१ यस निर्देशिकाको नाम “वातावरणीय व्यवस्थापन विशेष कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका,२०६५” रहेकोछ ।

१.२ यो निर्देशिका जिल्ला परिषदबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :–**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “निर्देशिका” भन्नाले वातावरणीय व्यवस्थापन विशेष कोष सञ्चालन तथा व्यवस्थापन निर्देशका, २०६५ बुझ्नुपर्छ ।

(ख) “जिल्ला विकास समिति”भन्नाले जिल्ला विकास समिति (जि.वि.स.) धनकुटा बुझ्नुपर्छ ।

(ग) “आर्थिक नियमावली” भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ लाई बुझ्नुपर्छ ।

(घ) "समिति" भन्नाले वातावरणीय व्यवस्थापन विशेष कोष सञ्चालन तथा व्यवस्थापन समितिलाई बुझ्नुपर्छ ।

(ङ) "स्थानीय निकाय" भन्नाले जिल्ला विकास, नगरपालिका र गाउँ विकास समितिलाई बुझ्नुपर्दछ ।

(च) " कोष" भन्नाले वातावरणीय व्यवस्थापन गर्न बनेको विशेष कोषलाई बुझ्नुपर्दछ ।

**३. कोषको स्थापना :-**

३.१ वातावरणीय व्यवस्थापन विशेष कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**४. कोषको कार्यालय :-**

४.१ कोषको सचिवालय जिल्ला विकास समितिको कार्यालय धनकुटामा रहनेछ ।

## परिच्छेद-२
## कोषको उद्देश्य

**५.उद्देश्य :-**

कोषका देहायअनुसार उद्देश्य रहेकाछन् :-

५.१ वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ ले जिल्ला विकास समितिलाई दिएका अधिकारहरू कार्यान्वयन गर्ने ।

५.२ वातावरण संरक्षण तथा प्रबर्द्धनका लागि स्थानीय स्तरमा समन्वय र समझदारी कायम गर्दै सहभागितात्मक योजना तर्जुमा गर्ने ।

५.३ ग्रामीण शहरोन्मुख गा.वि.स.हरूसँग समन्वय गरी फोहोर मैला व्यवस्थापन गर्ने ।

५.४ वातावरण संरक्षण र सम्बर्द्धनका लागि कार्यक्रम सञ्चालन गर्ने ।

५.५ वातावरण संरक्षण एवं प्राकृतिक स्रोतको दिगो र सतत उपयोगका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

५.६ खानेपानीलाई प्रदूषणमुक्त, स्वच्छ बनाउनका लागि गाउँ विकास समितिहरूलाई विविध विधिहरूको प्रयोग गर्न सहयोग पुऱ्याउने ।

५.७ वातावरण संरक्षणसम्वन्धी काम गर्ने विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ, संस्थाहरूसँग समन्वय कायम गर्ने ।

५.८ वातावरण दिवस लगायतका अन्य चेतनामूलक कार्यक्रम सञ्चालनमा समन्वयात्म भूमिका निर्वाह गर्ने ।

५.९ जमिन, जल, जंगलको संरक्षण, उचित प्रयोगको योजना तर्जुमा गरी दिगो र सतत उपयोगका लागि योजना निर्माणका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

## परिच्छेद-३
## कोष व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

**६ कोषको सञ्चालन तथा व्यवस्थापन समितिको गठन :-**

९.१ कोषको लक्ष्य, उद्देश्य प्राप्तिका लागि देहायअनुसारको एक व्यवस्थापन तथा सञ्चालन समिति गठन गरिने छ :-

- जिल्ला विकास समितिका सभापति - अध्यक्ष
- उद्योग वन तथा वातावरण समितिका संयोजक - सदस्य
- स्थानीय विकास अधिकारी - सदस्य
- प्रमुख उद्योग अधिकृत - सदस्य
- अध्यक्ष उद्योग वाणिज्य संघ - सदस्य
- शहरोन्मुख गा.वि.स.का अध्यक्षमध्ये समितिले मनोनीत गरेका २ जना - सदस्य
- खानेपानी उपभोक्ता समितिहरू मध्येवाट समितिले मनोनीत गरेका उपभोक्ता समितिका अध्यक्ष १ जना - सदस्य
- जिल्ला वन अधिकृत - सदस्य
- सामुदायिक वन उपभोक्ता महासंघका जिल्ला अध्यक्ष - सदस्य
- गैसस महासंघका जिल्ला अध्यक्ष - सदस्य
- जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि - सदस्य
- यो.अ.तथा प्र.अ., जि.वि.स.को कार्यालय - सदस्य
- कार्यक्रम अधिकृत जि.वि.स.को कार्यालय - सदस्य
- खानेपानी क्षेत्रिय अनुगमन तथा सुपरिवेक्षण कार्यालयका इन्जिनियर - सदस्य
- जिल्ला भू संरक्षण कार्यालय धनकुटाका प्रमुख - सदस्य
- जि.वि.स.का वातावरण क्षेत्र हेर्ने अधिकृत - सदस्य-सचिव

६.२ प्रकरण ६.१ वमोजिम समितिले मनोनीत गरेका सदस्यहरूको पदावधि २ वर्षको हुनेछ । पदावधि समाप्त भएको सदस्यलाई पुनः अर्को पटक मनोनीत गर्न बाधा पर्ने छैन ।

६.३ सञ्चालन तथा व्यवस्थापन समितिको बैठक सामान्यतया ४ महिनामा एकपटक बस्नेछ । बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउने छ । आवश्यकता महसुस भएमा सञ्चालन तथा व्यवस्थापन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

६.४ सञ्चालन तथा व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ । बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नुपर्नेछ ।

**७. सञ्चालन समितिको काम, कर्तव्य र अधिकार :-**

सञ्चालन तथा व्यवस्थापन  समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) वातावरण संरक्षण, सम्बर्द्धनका लागि योजना तर्जुमा र कार्यान्वयन गर्ने ।

(ख) वातावरण संरक्षणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(ग) वातावरण संरक्षण ऐन र नियमले दिएका अधिकार उपयोगका लागि आवश्यक कार्य गर्ने

(घ) कुनै क्षेत्रलाई खुला दिसामुक्त क्षेत्र वनाउन पहल गर्ने ।

(ङ) वृक्षारोपण र संरक्षणका लाीग पहल गर्ने ।

(च) वार्षिक योजना निर्माण, कार्यान्वयन र समीक्षा गर्ने गराउने ।

(छ) खानेपानीका मुहान संरक्षण र व्यवस्थापनमा जोड दिने ।

(ज) खानेपानी योजनाका उपभोक्ता एवं समितिका व्यक्तिहरूलाई सरसफाई र वातावरण संरक्षणसम्बन्धी तालिम दिने ।

(झ) कोषबाट सञ्चालित कार्यक्रमको अनुगमन गर्ने ।

(ञ) कोषका वार्षिक कार्यक्रम स्वीकृतिका लागि परिषद्मा पेश गर्ने ।

**८. अध्यक्षको काम कर्तव्य र अधिकार :-**

अध्यक्षको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ ।

(क) बैठकको अध्यक्षता गर्ने ।

(ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने ।

(ग) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने ।

(घ) समितिका सदस्यहरूलाई कामको बाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने ।

(ङ) कोषको वित्तीय स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(च) कोषका निर्णयहरू सार्वजनिक गरी पारदर्शिता कायम गराउने ।

(छ) कोषका बैठक सहभागितात्मक रूपमा सञ्चालन गराउने ।

(ज) कोषका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने ।

(झ) कोषका तर्फबाट अन्य निकाय, संघ/संस्थासँग सम्झौता गर्नुपर्ने भए गर्ने, गराउने ।

(ञ) कोषको योजना तर्जुमा तथा स्वीकृत गर्न गराउन आवश्यक कार्यवाही गर्ने गराउने ।

(ट) कोषका कामको अनुगमन मूल्यांकन गर्ने गराउने ।

९. **सदस्य सचिवको काम, कर्तव्य र अधिकार :-**

कोषको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने अध्यक्षसँगको सल्लाहमा छलफलका विषयवस्तुहरू तयार गरी निर्णयार्थ बैठकमा पेश गर्ने ।

(ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजात जिम्मा लिने ।

(ग) कोषसँग सम्बन्धित सूचनाहरू, तथ्यांक तथा अभिलेख अद्यावधिक गर्ने ।

(घ) अध्यक्षले तोकेका अन्य कार्यहरू गर्ने ।

(ङ) कोषका प्रशासनिक तथा अन्य दैनिक कार्यहरू गर्ने ।

(च) कोषका कार्यक्रम तर्जुमा तथा स्वीकृत र कार्यान्वयन गराउन आवश्यक कार्यवाही गर्ने ।

(छ) कार्यक्रमहरूको अनुगमन गर्ने गराउने ।

(ज) कोषको चलअचल सम्पतिको संरक्षण गर्ने गराउने ।

१० **सदस्यको काम, कर्तव्य र अधिकार :-**

कोषको सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) बैठकमा उपस्थित भई छलफलमा सक्रियतापूर्वक भाग लिने ।

(ख) अध्यक्षको काममा सहयोग पु¥याउने ।

(ग) तोकिएको जिम्मेवारीलाई पूरा गर्ने ।

(घ) बैठकमा निर्णयमा पुग्न मतदान गर्नुपर्ने भए मतदान गर्ने ।

(ङ) अध्यक्षले तोकेका अन्य कार्यहरू पूरा गर्ने ।

(च) कोषका कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग पु¥याउने ।

## परिच्छेद–४
## आर्थिक तथा प्रशासनिक व्यवस्था

११. **कोषको वित्तीय व्यवस्थापन :-**

११.१. कोषको नाममा एउटा कोष रहनेछ । जसमा देहायका रकमहरू रहने छन् :-

(क) जिल्ला विकास समितिबाट वातावरणीय व्यवस्थापन विशेष कोषका लागि वार्षिक रूपमा विनियोजन हुने रकम ।

(ख) जिल्ला विकास समितिबाहेक अन्य स्थानीय निकायबाट प्राप्त हुने रकम ।

(ग) नेपाल सरकारवाट प्राप्त हुने रकम

(घ) दातृ निकाय, परियोजना, गैरसरकारी संस्थाबाट प्राप्त हुने रकम ।

(ङ) कोषलाई अन्य क्षेत्रवाट प्राप्त हुने रकम ।

११.२. कोषको रकम जिल्लास्थित कुनै बैंकमा एउटा छुट्टै खाता खोली जम्मा गरिने छ । कोषको सञ्चालन जि.वि.स.को कार्यालयका स्थानीय विकास अधिकारी वा निजले तोकेका अधिकृत कर्मचारी र आर्थिक प्रशासन शाखाका प्रमुख वा निजले तोकेका उक्त शाखाका अन्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

११.३. कोषको लेखापरीक्षण जिल्ला विकास कोषको लेखापरीक्षण गर्ने व्यवस्थाअनुसार हुनेछ ।

**१२. कोषको आर्थिक व्यवस्था :-**

कोषको आर्थिक व्यवस्था यस निर्देशिकामा तोकिएको कुरामा यसै निर्देशिकाबमोजिम र अन्य कुराको हकमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ बमोजिम हुनेछ ।

**१३. अन्य क्षेत्रमा खर्च गर्न नमिल्ने :-**

कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सोही प्रयोजनबाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न पाइने छैन ।

**१४. प्रशासनिक व्यवस्था :-**

कोषको प्रशासनिक तथा आर्थिक कारोवार जि.वि.स.को कार्यालयका कर्मचारीहरूबाटै सञ्चालन गरिने छ ।

**१५. बैठक भत्ता :-**

कोषको व्यवस्थापन समिति तथा कार्यकारिणी समितिको बैठकमा भाग लिने पदाधिकारी तथा सदस्यहरूलाई जिल्ला विकास समितिका सदस्यले पाएसरहको बैठक भत्ता उपलव्ध गराइने छ ।

## परिच्छेद–५
## विविध

**१६. कोषबाट कार्यक्रम सञ्चालन गर्नु पर्ने :-**

जिल्ला विकास समितिवाट वातावरणीय क्षेत्रमा सञ्चालन गरिने सबै कार्यक्रमहरू यही कोष मार्फत सञ्चालन हुने छन् ।

**१७.जाँचपास तथा फरफारक :-**

कोषबाट सञ्चालन गरिएका कार्यहरूको जाँचपास फरफारक सञ्चालन समितिको बैठकबाट गरिने छ ।

**१८ जिल्ला विकास योजनामा समावेश गर्ने :-**

कोषबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरू स्वीकृतीकाका लागि जिल्ला विकास योजनामा समावेश गर्नुपर्नेछ ।

**१९. निर्देशिकाको संशोधन :-**

२६.१. यस निर्देशिकालाई संशोधन गर्न आवश्यक देखिएमा सञ्चालन समितिको सिफारिसमा जिल्ला विकास समितिले गर्नेछ ।

**२०. बचाउ र खारेजी :-**

२७.१. कुनै कारणवश कोष संचालन हुन नसकेमा जिल्ला विकास समितिले कोषलाई खारेज गर्न सक्नेछ ।

२७.२. कोष खारेज भएपछि कोषमा रहेको चल अचल सम्पत्ति तथा दायित्व जिल्ला विकास समितिमा स्वतः सर्नेछ ।

# वातावरणीय व्यवस्थापन विशेष कोष सञ्चालन तथा व्यवस्थापन

निर्देशिका–२०६५

जिल्ला विकास समितिको कार्यालय
धनकुटा